वर्ष ८,अंक ६, असोज




# अपराध अनुसन्धान

## मासिक ई-वुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।

विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची

| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ११ |
| प्रहरी सेवा प्रवाह | १२- १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १७ - १९ |
| अपराध समाचार | २० - २४ |
| उत्कृष्ट अनुसन्धान | २५ |
| सम्पादक मण्डल | २६ |

# विभागीय गतिविधिहरु

## प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको स्वागत कार्यक्रम सम्पन्न





***काठमाडौं, २६ असोज***

मिति २०८२।०६।२६ गते प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूलाई प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा विभागीय प्रमुखको रुपमा स्वागत गरियो । प्रहरी अतिरिक्त महानिरीक्षकज्यूलाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यू, प्रहरी नायव महानिरीक्षक संजिव शर्मा दासज्यू तथा प्रहरी नायव महानिरीक्षक दिलिप सिंह देउजाज्यू लगायत विभागका सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतज्यूहरु र अन्य प्रहरी कर्मचारीहरु समेतले स्वागत गर्नु भयो।

## प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, २३ असोज***

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग सरुवा हुनु भएका प्रहरी अतिरिक्त माहनिरीक्षक राजन अधाकरीज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । प्रहरी अतिरिक्त माहनिरीक्षकज्यूलाई प्रहरी नावय महानिरीक्षकज्यूहरुले मांयाको चिनो सहित विदाई गर्नु भयो । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु , प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य प्रहरी कर्मचारीहरुको सहभागिता रहेक थियो।

## Mission खटि जान लाग्नु भएका प्रहरी कर्मचारीहरुको विदाई तथा शुभकामाना कार्यक्रम सम्पन्न



***काठमाडौं, ५ असोज***

संयुक्त राष्ट्र संघिय शान्ति Mission United Nations Transitional Mission in Somalia (UNTMIS) र United Nations Peacekeeping Force in Cyprus (UNFICYP) मा खटिइ जान लाग्नु भएका प्रहरी निरीक्षक र प्रहरी नायव निरीक्षकहरुको विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्धारा बिदाई तथा शुभकामना कार्यक्रम सम्पन्न। उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु र प्रहरी निरीक्षकज्यूहरुको सहभागिता रहेको थियो।

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, ७ असोज***

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट जिल्ला प्रहरी कार्यालय, डोटी सरुवा हुनु भएका प्रहरी उपरीक्षक महेन्द्र नेपालज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले मांयाको चिनो सहित विदाई गर्नु भयो। कार्यक्रममा विदाई भई जान लाग्नु भएका प्रहरी उपरीक्षज्यूले आफ्नो तर्फबाट मन्तव्य दिनु भयो। साथै कार्यक्रमा प्रहरी अरिरिक्त महानिरीक्षकज्यू , प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु र प्रहरी निरीक्षकज्यूहरुको सहभागिता रहरको थियो।

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, २२ असोज***

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट जिल्ला प्रहरी कार्यालय, धनुषा सरुवा हुनु भएका प्रहरी नायव उपरीक्षक गणेश बहादुर बमज्युको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो। विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले मांयाको चिनो सहित विदाई गर्नु भयो, कार्यक्रममा विदाई भई जान लाग्नु भएका प्रहरी नायव उपरीक्षज्यूले आफ्नो तर्फबाट मन्तव्य दिनु भयो। साथै कार्यक्रमा प्रहरी अरिरिक्त महानिरीक्षकज्यू , प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु र प्रहरी नायब उपरीक्षकज्यूको सहभागिता रहेको थियो।

## Interpol Raid Notice जारी भएका फरार प्रतिवादी पक्राउ



***काठमाडौं, ९ असोज***

ठगी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएकी फरार प्रतिवादी धनुषा जनकपुरधाम उपमहानगरपालिका-१६ बस्ने सिन्धुली कमलामाई नगरपालिका-१४ घर भएकी ऐश्वर्या दाहाल पक्राउ परेकी छिन्। युएईमा पक्राउ परेकी उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। उक्त मुद्दामा संलग्न रही फरार रहेकी उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ चैत २१ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सुनसरी पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

## Nepal Police Mobile App (NPMA) Training सम्पन्न



***काठमाडौं, २६ असोज***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक


अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०६।२६ गते देखि मिति २०८२।०६।३१ गतेसम्म संचालित Nepal Police Mobile App (NPMA) विषयक Training सम्पन्न भयो । उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १ , प्रहरी नायव निरीक्षक ३, प्रहरी सहायक निरीक्षक ७, प्रहरी वरिष्ठ हवल्दार १,प्रहरी हवल्दार ३, प्रहरी सहायक हवल्दार ६ र प्रहरी जवान १४ गरि जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । Nepal Police Mobile App (NPMA) Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।







# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या (आ.व. ०७७/०७८ देखि आ.व. ०८१/०८२)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क




## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (साउन - असोज)




## उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा शीर्षकगत दर्ता संख्या ( साउन- असोज )





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या





## सम्पत्ती शुद्धीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



मासिक ई-बुलेटिन


## २०८२ साल असोज महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल असोज  महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १५ | ४ वर्ष २ महिना २२  दिन | १०५०७०० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३० | ६ वर्ष ४ महिना ११ दिन | १२५३२२ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ६५ | ३३ वर्ष ० महिना २८ दिन | २०४८९२७४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १३ | ० वर्ष ९ महिना ९ दिन | १६७०३५० |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २२ | ७ वर्ष ४ महिना १२ दिन | १३४८८०७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ९९ | ७१ वर्ष ६ महिना १५ दिन | २३५४९४८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ६४ | ६७ वर्ष ५ महिना ० दिन | ५१८८६५ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १४ | ११ वर्ष ३ महिना ३ दिन | ४८२१०० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ० | ० वर्ष ० महिना ० दिन | ० |
| **जम्मा** | | **३२२ जना** | **२०२ वर्ष ० महिना १० दिन** | **रु. २,८०,४०,३६६ ।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक  मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल असोज महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल असोज महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १०५३९५ | ७८३८७ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ५ | ६ |
| ३. | अध्यागमन विभाग | ११९ | १३१ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १६ | ५० |
| ५. | औंठाछाप प्रमाणिकरण | ७४ | ७४ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ० | ० |
| **जम्मा** | | १०५६०९ | ७८६४८ |


## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल असोज महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)





# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल असोज महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल असोज महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल असोज महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल असोज महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.नं. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ६ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ८ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | २५,३०३ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ० जना |


मासिक ई-बुलेटिन

# खोजतलास तथा समन्वय

## २०८२ साल असोज महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८२ साल असोज महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको असोज महिनामा बिभिन्न **१८** वटा मुद्दा शीर्षक (सम्पति शुद्धिकरण,आपराधिक उपद्रव,चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन , बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी,  वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत **६४** वटा मुद्दाको **३६५** वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- असोज महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०६/०१ गतेदेखि २०८२/०६/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३७८** केशहरुको **४२५४** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **४८९** केशहरुको **६१८५** नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८२/०६/०१ गते देखि २०८२/०६/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१५४७** DATA Entry भएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०६/०१ गतेदेखि २०८२/०६/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१५८** केशहरुको **८८४** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **१०२** केशहरुको **४३५** नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०६/०१ गतेदेखि २०८२/०६/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **९१** केशहरुको **२८३** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **१०४** केशहरुको **२७१** नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/०६/०१ गतेदेखि २०८२/०६/३१ गतेसम्म औंठाछाप- २०, हस्ताक्षर-६ र फोटो- १० प्राप्त भई प्रमाणिकरण गरिएको ।
- विभिन्न प्रशिक्षण केन्द्र, कार्यालय तथा तालुक आयोगहरुबाट मिति २०८२/०६/०१ गतेदेखि २०८२/०६/३१ गतेसम्म यस प्रयोगशालाका ७ जना विशेषज्ञहरुद्वारा प्रशिक्षण प्रदान गरिएको ।
- श्री नेपाली सेना, सैनिक प्रहरी गण, जंगी अड्डा, भद्रकालीमा मिति २०८२/०४/०४ गतेबाट संचालन भईरहेको सि.सं. ८० सैनिक प्रहरी तालिमका (अधिकृत-९ र अन्य दर्जा-६१) गरी ७० जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०६/२६ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको ।
- मिति २०८२/०५/०२ गते प्रहरी महानिरीक्षकज्यूबाट स्वीकृत नयाँ पाठ्यक्रम बमोजिम बेलायत सरकार, Foreign Commonwealth and Development Office-UK को आर्थिक सहयोगमा UNOPS द्वारा यस प्रयोगशालामा मिति २०८२/०६/२७ गते देखि मिति २०८२/०६/३१ गते सम्म सञ्चालन भएको ५ कार्यदिन अवधिको गैह-आवासीय "Refresher Training on Fingerprint, Automated Fingerprint Identification System (AFIS) and Fingerprint Enrollment System" (S.H.C/H.C/A.H.C./P.C) प्रथम समूह तालिममा" २६ जना प्रशिक्षार्थीहरु सहभागी भई मिति २०८२/०६/३१ गते समापन भएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८२ साल असोज महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ९ असोज***

**सुनसरी ,**इटहरी उपमहानगरपालिका-१६ उब्दी बस्ने ४२ वर्षीय राम कुमार चौधरीको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ५५ वर्षीय लाले चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। राम कुमारले लेनदेनको विषयलाई कुटपिट गर्दा लाले गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। कुटपिटबाट गम्भीर घाइते भएका राम कुमारको विराट टिचिङ अस्पताल विराटनगरमा थप उपचारको क्रममा मृत्य भएको हो।

**नवलपरासी पूर्व**, आफ्नै श्रीमती ३७ वर्षीया संगिता पौडेल पाण्डेको हत्या गरेको अभियोगमा कावासोती नगरपालिका-८ सगरमाथा टोल बस्ने ४२ वर्षीय सूर्य प्रसाद पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। सूर्य प्रसादले घरायसी विवादको क्रममा चक्कु प्रहार गर्दा संगिता गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वबाट खटिएको प्रहरीले संगितालाई उपचारको लागि मध्यबिन्दु प्रादेशिक अस्पताल डण्डा पठाएकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***धादिङ, २० असोज***

आफ्नै आमा ५५ वर्षीया राम माया कडेलको हत्या गरेको अभियोगमा त्रिपुरासुन्दरी गाउँपालिका-५ थापाकटेरी बस्ने ३० वर्षीय यम बहादुर कडेललाई प्रहरीले पक्राउ गरेको छ। यम बहादुरले धारिलो हतियार खुँडा प्रहार गर्दा राम मायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सल्यानकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***नुवाकोट, २२ असोज***

आफ्नै श्रीमती ४९ वर्षीया सविना तामाङको हत्या गरेको अभियोगमा शिवपुरी गाउँपालिका-७ सुनखानी ठुलापाटा बस्ने ५० वर्षीय जितमान तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जितमानले घरायसी विवादको क्रममा खुकुरी प्रहार गरी सविनाको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट गुर्जेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २४ असोज***

टोखा नगरपालिका-२ चण्डेश्वरी बस्ने पाँचथर घर भएका ४० वर्षीय राम लिम्बुको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने उदयपुर घर भएका २७ वर्षीय गणेश लामा र सिन्धुली घर भएका ४० वर्षीय खुप बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले बादविवादको क्रममा फलामको रड प्रहार गर्दा राम गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी प्रभाग बुढानिलकण्ठबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। रड प्रहारबाट गम्भीर घाइते भएका रामको ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २७ असोज***

आफ्नै श्रीमती ४० वर्षीया बिमला तामाङ भन्ने अप्सरा कार्कीको हत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-७ गौरीघाट मिलनचोक डेरा गरी संखुवासभा खाँदबारी नगरपालिका-६ घर भएका ३५ वर्षीय छिरिङ भन्ने तेन्जिङ शेर्पालाई प्रहरीले पक्राउ गरेको छ। अप्सरा आफ्नो डेरा कोठामा मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धानको क्रममा प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले घटनामा संलग्न उनलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरू बिच वादविवाद भई झगडा हुँदा तेन्जिङले कुटपिट तथा ढुङ्गा प्रहार गरी अप्सराको हत्या गरेको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***कास्की, ८ असोज***

**पोखरा** महानगरपालिका-३ नदीपुर बस्ने ४८ वर्षीया इसिता पनेरूको घरबाट सुनका विभिन्न गरगहनाहरू र नगद १ लाख ३५ हजार रूपैयाँ समेत गरी करिब ३५ लाख ९१ हजार ५ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

**यसैगरी कास्की**, पोखरा महानगरपालिका-१७ पिपलतारा मार्ग बस्ने गीता पौडेलको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब १९ लाख १५ हजार ५ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### विभिन्न धनमाल चोरी

***झापा, १८ असोज***

हल्दिबारी गाउँपालिका-२ सूर्य होली चोक बस्ने केदार प्रसाद रिजालको घरबाट सुनका बिभिन्न गरगहना तथा नगद समेत गरी करिब १३

लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, १९ असोज***

काठमाडौं महानगरपालिका-१६ माछापोखरी डेरा गरी बस्ने तारकेश्वर नगरपालिका-५ गोलढुंगा घर भएका ४३ वर्षीय राज कुमार फुयालको कोठाबाट सुन तथा चाँदीका विभिन्न गरगहना र नगद समेत गरी करिब १२ लाख ५ हजार ५ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### विभिन्न धनमाल चोरी

***भक्तपुर, २५ असोज***

सूर्यविनायक नगरपालिका-१० भंगाल बस्ने ३८ वर्षीय सकुल ढकालको घरबाट नगद, सुन तथा चाँदीका विभिन्न गरगहना समेत गरी करिब ७ लाख ४९ हजार २ सय ५५ रूपैयाँ बराबरको धनमाल गए राति चोरी भएको छ । यसैगरी भक्तपुर, मध्यपुर थिमी नगरपालिका-३ डेरा गरी बस्ने सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-५ घर भएका जिवन श्रेष्ठको कोठाबाट नगद, सुन तथा चाँदीका गरगहना समेत गरी करिब ५ लाख ४० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ

### विभिन्न धनमाल चोरी

***काठमाडौं, २६ असोज***

चन्द्रागिरी नगरपालिका-१ बस्ने ३२ वर्षीय राजेन्द्र श्रेष्ठको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब ९ लाख ४ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### विभिन्न धनमाल चोरी

***काठमाडौं, २९ असोज***

**काठमाडौं** महानगरपालिका-५ कालोपुल कुमारी गल्ली बस्ने कृष्ण प्रसाद आचार्यको घरबाट सुन तथा चाँदीका विभिन्न गरगहना र नगद समेत गरी करिब २४ लाख ९३ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ ।

**नवलपरासी पश्चिम** ,प्रतापपुर गाउँपालिका-८ बैरिया बस्ने अशोक बाँनियाको घरबाट सुन तथा चाँदीका गहना र नगद समेत गरी करिब ४ लाख ६६ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***अछाम, १ असोज***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा साँफेबगर नगरपालिका-४ जनकल्याण टोल बस्ने ३२ वर्षीय महेश भुललाई प्रहरीले पक्राउ गरेको छ ।महेशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय साँफेबगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ३ असोज***

**काठमाडौं,** ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कागेश्वरी मनोहरा नगरपालिका-४ बस्ने रामेछाप घर भएका २१ वर्षीय हिरा तामाङलाई प्रहरीले पक्राउ गरेको छ । हिराले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी प्रभाग साँखुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

**धादिङ**, १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेनीघाट रोराङ गाउँपालिका-३ ओरवाङ बस्ने ३२ वर्षीय जगत कोईरालालाई प्रहरीले पक्राउ गरेको छ । जगतले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेनीघाटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ११ असोज***

**बाजुरा**, १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुढीगंगा नगरपालिका-५ बस्ने ३० वर्षीय पारस शाहलाई प्रहरीले पक्राउ गरेको छ । पारसले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी टाँटैबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***गुल्मी, १४ असोज***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चन्द्रकोट गाउँपालिका-४ शान्तीपुर बस्ने बाग्लुङ वरेङ गाउँपालिका-३ घर भएका २५ वर्षीय राजु सार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।राजुले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, २० असोज***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चौदण्डीगढी नगरपालिका-२ चारघरे बस्ने १९ वर्षीय संजय सदालाई प्रहरीले पक्राउ गरेको छ । संजयले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

**यसैगरी उदयपुर**, १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-९ लिम्पाटार बस्ने १९ वर्षीय भोजराज परियारलाई प्रहरीले पक्राउ गरेको छ । भोजराजले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २९ असोज***

उदयपुर, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-१० गिजिनचौर थुम्की बस्ने २५ वर्षीय भिम बहादुर थापा मगरलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । भिम बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बाँके ,२९ असोज***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगम राप्तीसोनारी गाउँपालिका-२ मधुवा बस्ने २४ वर्षीय लक्ष्मण खत्रीलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ ।लक्ष्मणले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी कचनापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# लागु औषध सम्बन्धी

## करिब ४ सय ७५ किलो गाँजा सहित २ जना पक्राउ

***धनुषा, १ असोज***

विदेह नगरपालिका-३ जोगियाराबाट अवैध लागूऔषध गाँजा ४ सय ७५ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धादिङ बेनिघाट रोराङ गाउँपालिका-१ बस्ने २४ वर्षीय बिराज गुम्बा र बाँके कोहलपुर पार्वतीपुर बस्ने १८ वर्षीय किशोर रहेका छन् । वीरेन्द्रबजारबाट आउँदै गरेको प्र.३-०१-०२४ च ८३२५ नम्बरको पिकअप गाडीमा लागूऔषध गाँजा ल्याउँदै गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएको प्रहरीले गणेशमान चारनाथ नगरपालिका-४ वीरेन्द्रबजारस्थित सडकमा रोकी राखेको अवस्थामा उक्त गाडी फेला पारी चालक बिराज र सहचालक १८ वर्षीय किशोरलाई नियन्त्रण लिएको थियो । साथै थप अनुसन्धानको उनीहरूले धरानबाट उक्त गाडीमा लागूऔषध गाँजा ल्याई विदेह नगरपालिका-३ जोगियारास्थित ईट्टा भट्टामा राखेको भन्ने खुल्न आएपश्चात उक्त स्थानबाट १९ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला परेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## नियन्त्रित लागूऔषध सहित विभिन्न स्थानबाट ३ जना पक्राउ

***काठमाडौं, १ असोज***

**मोरङ,** विराटनगर महानगरपालिका-२ बाट नियन्त्रित लागूऔषध डाईकोमाइन ८ हजार ६ सय ट्याब्लेट र ट्रामाडोल ३ हजार १ सय ५० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने ताप्लेजुङ घर भएका २० वर्षीय सुन्दर शेर्पा र भारत विहार अमिडा गाम्रपंचायत-१० घर भएका २० वर्षीय महमद असरफ रहेका छन् । वडा प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनीहरूको डेरा कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

**काभ्रे, बनेपा** नगरपालिका-८ तिनधाराबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ९ सय ट्याब्लेट सहित सोही नगरपालिका-७ तरकारी बजार बस्ने पर्सा घर भएका २२ वर्षीय मौजित अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बनेपाबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ५ सय ३८ किलो गाँजा बरामद

***मोरङ, ३ असोज***

विराटनगर महानगरपालिका-८ बाट अवैध लागूऔषध गाँजा करिब ५ सय ३८ किलोग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङ र वडा प्रहरी कार्यालय हाटखोलाबाट खटिएको प्रहरीले उक्त स्थानमा रोकी राखेको प्रदेश १-०२-००१ च १६६६ नम्बरको कार तलासी गर्दा १५ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार कार चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ३ सय ३४ किलो गाँजा बरामद

***रौतहट, ५ असोज***

ईशनाथ नगरपलिका-८ मनसरीबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ३४ किलोग्राम प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी रामपुरखापबाट खटिएको प्रहरीलाई देख्नासाथ प्रदेश न. ३-०१-०२२ च १८६१ नम्बरको पिकअप गाडीको चालकले गाडी छाडी फरार भएपश्चात प्रहरीले गाडी तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार गाडी चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब ३ सय ४० किलो गाँजा बरामद

***सुनसरी, १० असोज***

बराहक्षेत्र नगरपालिका-५ बिशाल चोकबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ४० किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले धरानबाट कालाबजारतर्फ आउँदै गरेको हाल नम्बर नखुलेको मोटरसाइकललाई जाँच गर्न खोज्दा मोटरसाइकल नरोकी धरानतर्फ नै भागेकोमा प्रहरीले उक्त मोटरसाइकल पछ्याउने क्रममा बीआर ११ बीआर ७१०२ नम्बरको कारका चालकले कार रोकी उक्त मोटरसाइकलमै सवार भई फरार भएपश्चात प्रहरीले कार तलासी गर्दा ११ वटा प्लाष्टिकको पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार मोटरसाइकल र कार चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित २ जना पक्राउ

***पर्सा, १२ असोज***

वीरगंज महानगरपालिका-१६ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पोखरिया नगरपालिका-९ सेनवारी बस्ने २५ वर्षीय गौरी शंकर प्रसाद चौहान र भारत मोतिहारी नागारोड बस्ने २८ वर्षीय भिम सहनी रहेका छन्। अस्थायी प्रहरी पोष्ट ईनार्वागाउँबाट खटिएको प्रहरीले रक्सौलबाट ईनर्वा गाउँतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय ७५ किलोग्राम गाँजा सहित एक जना पक्राउ

***सुनसरी, १३ असोज***

धरान उपमहानगरपालिका-४ बुद्ध बिहारबाट अवैध लागूऔषध गाँजा करिब २ सय ७५ किलोग्राम सहित धनकुटा साँगुरीगढी गाउँपालिका-८ बस्ने १९ वर्षीय बिबसन राईलाई प्रहरीले पक्राउ गरेको छ। भेडेटारबाट धरानतर्फ गाँजा ल्याउँदै गरेको भन्ने सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर र इलाका प्रहरी कार्यालय धरानसमेतबाट खटिएको प्रहरीले गाँजा ल्याउँदै गरेका व्यक्तिहरूलाई नियन्त्रणमा लिन खोज्दा बोरा फाली भागे पश्चात उनीहरू मध्ये बिबसनलाई पक्राउ गरेको हो। प्रहरीले हाल फरार अन्य व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित तीन जना पक्राउ

***काठमाडौं, १९ असोज***

**दार्चुला,** दुहुँ गाउँपालिका-५ बाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ ४ सय ८० ग्राम सहित सोही गाउँपालिका-१ बस्ने ५६ वर्षीय हर्क बहादुर बमलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

**कैलाली,** धनगढी उपमहानगरपलिका-२ त्रिनगर व्यारेलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ४ सय ४० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-५ बस्ने ३० वर्षीय यलसन चौधरी र सोही उपमहानगरपालिका-५ डेरा गरी बस्ने घोडाघोडी नगरपालिका-११ घर भएका १९ वर्षीय पर्शुराम कठरिया रहेका छन्। प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले सु.प.प्र.०१-००१ प २५६८ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित १ जना पक्राउ

***बाँके, २० असोज***

नेपालगंज उपमहानगरपालिका-२१ गंगारामपुरूवाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम १ सय ९० मिलिग्राम सहित सोही ठाउँ बस्ने २४ वर्षीय सोनु अलीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी तेलियनपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय १९ किलो गाँजा सहित दुई जना पक्राउ

***धादिङ, २६ असोज***

बेनीघाट रोराङ गाउँपालिका-९ खटौतीबाट अवैध लागूऔषध गाँजा करिब २ सय १९ किलो २१ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा बहुदरमाई नगरपालिका-४ बस्ने २८ वर्षीय दिननाथ यादब र कालिकामाई गाउँपालिका-१ बस्ने ५३ वर्षीय कमल राउत कुर्मी रहेका छन्। प्रहरी चौकी जोगीमाराबाट खटिएको प्रहरीले बिआर ०१ जिबि ८६५३ नम्बरको मिनिट्रकलाई जाँच गर्ने क्रममा क्याबिन पछाडि ढालामा फल्स बटन बनाई ३० वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी दुबै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ४ सय ५० किलो गाँजा बरामद

***चितवन ,२६ असोज***

खैरहनी नगरपालिका-९ पिपरा चोक नजिकै खेतबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ५० किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय खैरहनीबाट खटिएको प्रहरीले खेतमा रहेको परालमा लुकाई राखेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ३ सय किलो गाँजा बरामद

***सुनसरी, ३० असोज***

बर्जु गाउँपालिका-३ खरी टोलबाट अवैध लागूऔषध गाँजा करिब ३ सय किलोग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी अमडुवाबाट खटिएको प्रहरीलाई देख्नासाथ हाल नम्बर नखुलेको बोलेरोमा सवार अपरिचित व्यक्तिहरू फरार भएपश्चात उक्त स्थानमा १० वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिहेको छ।

# अन्य अपराध

### पटका सहित एक जना पक्राउ

***कञ्चनपुर, २६ असोज***

भीमदत्त नगरपालिका-३ बस्ने ४९ वर्षीय खडक पाललाई करिब २८ लाख ९८ हजार ६ सय ५० रूपैयाँ बराबरको विभिन्न प्रकारका पटका सहित प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पटका फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको रकम सहित पक्राउ

***सिराहा, २७ असोज***

सिरहा नगरपालिका-२० लकडिगदियानीबाट स्रोत नखुलेको नगद ८ लाख २५ हजार रूपैयाँ सहित कल्याणपुर नगरपालिका-१ बनिनिया बस्ने ३० वर्षीय राशिन्द्र मण्डललाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी लकडिगदियानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको मन २१०२प ००३-०१-०२.प्र.म्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक राशिन्द्रलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पेस्तोल र गोली सहित एक जना पक्राउ

***पर्सा २४ ,भदौ***

वीरगंज महानगरपालिका-१६ बाट होममेड सिक्सर पेस्तोल १ थान, गोली ३ राउण्ड र खोका १ थान सहित भारत झारखण्ड पाकु ग्राम पंचायत मालपाहारी बस्ने २७ वर्षीय प्रदिप शर्मालाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित खाजा पसलमा प्रदिपले १८ वर्षीया किशोरीलाई गोली प्रहार गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्सा, वडा प्रहरी कार्यालय विर्ता र प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले उनलाई उक्त हातहतियार सहित पक्राउ गरेको हो। साथै गोली प्रहारबाट घाइते भएकी किशोरीको एनएमसी अस्पताल वीरगंजमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ

### स्रोत नखुलेको रकम सहित एक जना पक्राउ

***मोरङ, ७ असोज***

विराटनगर महानगरपालिका-१७ बाट स्रोत नखुलेको रकम १४ लाख ५० हजार रूपैयाँ सहित सोही महानगरपालिका-१८ बस्ने ४१ वर्षीय बिरेन्द्र साहलाई मंग प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट मटेरूवाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.३८ प ५८५१ नम्बरको मोटरसाइकलामा सवार उनलाई उक्त रकम सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पेस्तोल सहित एक जना पक्राउ

***काठमाडौं, ६ असोज***

काठमाडौं महानगरपालिका-१६ खरिबोटस्थित कार वास सेन्टरको पार्किङ स्थलबाट पेस्तोल ७ थान, म्याग्जिन ६ थान, एसएलआरमा प्रयोग हुने गोली ३३ राउण्ड, ह्याण्ड सेटको ब्याट्री १ थान लगायतका सामान सहित तारकेश्वर नगरपालिका-५ लोलाङ बस्ने उदयपुर उदयपुरगढी गाउँपालिका-८ घर भएका ३० वर्षीय हिरा बहादुर मगरलाई प्रहरीले पक्राउ गरेको छ। उक्त पार्किङ स्थलमा हिरा बहादुरले पार्किङ गरी राखेको बा.प्र.०१-००२ प ६४४९ नम्बरको ट्याक्सीमा विभिन्न हातहियार रहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले ट्याक्सी तलासी गर्दा डिक्की भित्र लुकाई छिपाई राखिएको उक्त हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### रिभल्वर सहित एक जना पक्राउ

***काठमाडौं, १० असोज***

गोकर्णेश्वर नगरपालिका-५ नयाँ बस्ती बस्ने काभ्रे बनेपा घर भएका २१ वर्षीय बिजय तामाङलाई रिभल्वर १ थान र बिनेट १ थान सहित प्रहरीले पक्राउ गरेको छ।प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त रिभल्वर फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पेस्तोल बरामद

***काठमाडौं, ९ असोज***

काठमाडौं महानगरपालिका-८ पशुपति क्षेत्रको राम मन्दिर जंगलबाट पेस्तोल २ थान र म्याग्जिन ३ थान प्रहरीले बरामद गरेको छ। प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको उक्त पेस्तोल फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – डाँका चोरी

मिति २०८२।०६।०३ गते ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.१२ ठेचो स्थित रहेको जाहेरवाला संजिव माया लामाले संचालन गर्दै आएको खाजा पसल / होटेल भित्र प्रतिवादी जय उर्फ रमेश भन्ने विश्व तामाङ चिया तथा चुरोट खान भनि गएकोमा अन्य मानिस नभएको मौका पारी उक्त खाजा पसल/होटेलको ढोका बन्द गरी जाहेरवालालाई जोखिमी हतियार फलामको रडले संवेदनशिल अंग टाउको लगायतको अन्य शरिरको बिभिन्न भागमा प्रहार गरी घाईते बनाई निज जाहेरवालाले घाँटी/गलामा लगाएको अन्दाजी मुल्य रु.२,५०,०००।– (दुई लाख पँचास हजार मात्र ) पर्ने सुनको सिक्री थान १ (एक) चोरी/लुटी लगेको हुँदा कानून बमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको संजिव माया लामाको जाहेरी। प्रतिवादी विश्व तामाङलाई पक्राउ गरी अनुसन्धान पश्चात मिति २०८२।०६।२९ गतेको सम्मानित ललितपुर जिल्ला अदालतमा पेश पश्चात मिति २०८२।०६।२९ गतेको थुनचेक आदेशले निज प्रतिवादी विश्व तामाङलाई पूर्पक्षको लागि कारागार चलान गएको।

## मुद्दा शीर्षक – जवरजस्ती करणी

म जाहेरवाला परिवर्तित नाम ३१ (०८२/०८३) मनहरी-७४ र मेरो पति परिवर्तित नाम ३१ (०८२/०८३) मनहरी-७५ मिति २०८२।०५।२८ गते जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं. ४ माथिन्लो मसिने स्थित आफ्नै घरमा नाबालिका छोरी बर्ष ७ किं परिवर्तित नाम ३१ (०८२/०८३) मनहरी-७३ र छोरा बर्ष १६ को परिवर्तित नाम ३१ (०८२/०८३) मनहरी-७६ लाई छाडी ऐ ऐ स्थित घर नजिकै रहेको बारीमा मकै गोड्न भनि गएकोमा सोही दिन दिउसो अं. १४:०० बजेको समयमा बिपक्षी ठुलो बाबु भन्ने च्योपाङ घिसिङ म जाहेरवालाको घरमा आई मेरो छोरालाई मोवाईल चलाउन दिई निज छोरा मोबाईल चलाउन व्यस्त भएको मौका पारी मेरी नाबालिका छोरीलाई जवरजस्ती बोकी अर्को कोठामा लगि जवरजस्ती करणी गरेको हुँदा निज विपक्षी ठुलो बाबु भन्ने च्योपाङ घिसिङलाई पक्राउ गरी कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ३१ (०८२/०८३) मनहरी -७४ को जाहेरी दरखसात प्राप्त पश्चात प्रतिवादी ठुलो बाबु भन्ने च्योपाङ घिसिङलाई प्रकाउ गरी सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदातलको मिति २०६२।०६।२८ गतेको थुनचेक आदेशले निज प्रतिवादीलाई पूर्क्षको लागि कारागार चलान गरेको।

## मुद्दा शीर्षक – ला.औ.खैरोहेरोईन

जिल्ला कञ्चनपुर बेदकोट न.पा.वडा नं.९ लालपुर स्थित लागू औषधको कारोबार हुने गरेको छ भन्ने बिशेष सुचनाको आधारमा वारदात मिति २०८२।०४।१७ गते प्रहरी चौकी सुडा र लागू औषध नियन्त्रण ब्यूरो महेन्द्रनगरबाट खटिई गएको संयुक्त प्रहरी टोलीले प्रतिबादी गणेश बिष्ट उपर शंका लागि रित पूर्वक निजको शरीर र निज बस्ने गरेको घर कोठाको खान तलासी गर्दा निज सुत्ने गरेको कोठामा रहेको श्रृंगार राख्ने दराजको माथी रातो रंगको प्लाष्टिकको गमला भित्र कालो प्लाष्टिकको पोका थान-३ (तीन ) लुकाई छिपाई राखिएको अवस्थामा लागू औषध (खैरो हेरोइन) जस्तो देखीने धुलो पदार्थ फेला पारी तत्काल डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिक सहित तौल ७.१६० ग्राम र प्लाष्टिक हटाई शुद्ध तौल ५.८६० ग्राम रहेकाले निज गणेश बिष्टलाई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरी यसै प्रतिबेदन साथ दाखीला गरेको छु,कानून बमोजिम गरी पाउँ भन्ने समेतको ब्यहोराको प्रहरी प्रतिबेदन प्राप्त पश्चात सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०८२।०६।०५ गतेको आदेशले प्रतिवादी गणेश भन्ने धिर्क बहादुर बिष्ट र क्षितिज ठकुराठी पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – मानब बेचबिखन तथा ओसार पसार तथा जवरजस्ती करणी

अन्यायी केशव बोहरासँग फोन मार्फत चिनजान भई कुराकानी गर्दै जाँदा निजले मलाई ललाई फकाई बहकावमा पारी भारतमा लगी बिवाह गर्नेछु, नेपालमा बिवाह गरे बाल बिवाह लाग्छ भनि म नावालिका रहेको थाहा हुँदा हुदै मलाई घर देखी वारदात मिति २०८२।०५।१९ गते अत्तरीया सम्म आउन पैसा पठाई अत्तरीया बोलाई केही बेर आराम गर्ने भनि नाम थाहा नभएको होटलमा लगी सोही होटल कोठामा जवरजस्ती करणी गरी महेन्द्रनगर ल्याई भारत जान भनि गाडीको टिकट बुक गरी महेन्द्रनगर देखी सिमानाका क्षेत्र गड्डाचौकी हुदै भारत लैजाने क्रममा एउटा मतदाता परिचयपत्र दिई कसैले सोधेमा सोही परिचयपत्रमा भएको ब्यक्ति हुँ भनि बताउनु भनि झुट्टो बोल्न सिकाई भारत लैजादै गरेको अवस्थामा सिमानाकामा खटिएका माईती नेपाल र प्रहरीले सोधपुछ गर्दा निज अन्यायी भागी गएको हुदा निजले मलाई जवरजस्ती करणी गरी भारतमा बेचबिखन गर्ने उदेश्यले लैजादै गरेको प्रष्ट हुन आएकाले कानून बमोजिम गरी पाउ भन्ने समेतको व्यहोराको परिवर्तित नाम २०८२/०८२(७५)१६ को जाहेरी दरखास्त प्राप्त पश्चात सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०८२।०६।२३ गतेको आदेशले प्रतिवादी केशव बहादुर बोहराबाट रु.१,००,०००/-(एक लाख) धरौटी माग भएकोमा तिर्न नसकी कारागार चलान भएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

म जाहेरवालीको छोरी बर्ष १४ की परिवर्तित नाम जिल्ला-२४ गजुरी (१४) ०८२/०८३ जिल्ला धादिङ सिद्धलेक गाउँपालिका वडा न.४ स्थितमा रहेको जयश्वरी माध्यामिक विधालयमा कक्षा ७ मा अध्ययन गर्दै आएकी छिन्, निज पीडित छोरीको पेट ठुलो भएको भनी स्कुलमा कुरा भई स्कुलमा पढाउने बिमला सिलवाल र माया थापा मिसले मिति २०८२।०५।३१ गतेको दिन सो कुरा सुनी थाहा पाई पीडित छोरीलाई स्कुलको अफिसमा बोलाई सोधपुछ गरेपछी निज छोरीले मलाई गाउँकै जगत कोईराला दाईले पहिलो पटक मिति २०८१।१२।१६ गते बाख्रा चराउन जिल्ला धादिङ बेनिघाट रोराङ गाउँपालिका वडा नं.३ महघारी जंगल गएको बेला रु.३००।– (तीन सय) मात्र दिई फकाई फुलाई जवरजस्ती करणी गरेको र मिति २०८२।०१।१३ गतेको दिन पनि बाख्रा चराउन जाँदा दोस्रो पटक सोही ठाउँमा नै लगी मलाई जवरजस्ती करणी गरेको कुरा कोही कसैलाई नभन्नु, भनेमा तलाई र तेरो बुबा आमालाई समेत मारी दिन्छु भनिको हुँदा मैले कोही कसैलाई कुरा नभनी बसेको हुँ। निज प्रतिवादी जगत कोईरालाले करणी गरेको कारण म बैशाख महिनाबाट महिनावारी भएको छैन भनी बताएकी छिन् भनि स्कुलको मिसहरुले मलाई बोलाएकोले म तत्कालै स्कुलमा गई छोरीलाई के भएको हो नानी भनी सोधपुछ गर्दा पीडित छोरीले मलाई सोही अनुसार सबै कुराहरु बताएको हुँदा म आफैले गर्भ रहेको नरहेको जाँच गर्न पिसाब चेक गर्ने किट किनी चेक गर्दा छोरीको पेटमा गर्भ रहेको देखिएको, निज प्रतिवादीले नै करणी गरेको कारणबाट मेरो नावालिका छोरीको पेटमा गर्भ रहेको हुँदा मेरो नावालिका छोरीलाई डर त्रास देखाई पटक पटक जवरजस्ती करणी गरी गर्भवती बनाएका निज प्रतिवादी जगत कोईरालालाई पक्राउ गरी कानून बमोजिम कारबाही गरि पाउँ भन्ने समेत व्यहोराको पीडितको आमा परिवर्तित नाम जिल्ला-२४ गजुरी (१३) ०८२/०८३ को जाहेरी दरखास्त प्राप्त पश्चात प्रतिवादी जगत कोराईलालाई प्रकाउ गरी सम्पूर्ण अनुसन्धान पश्चात सम्मानित धादिङ जिल्ला अदालतको मिति २०८२।०६।२४ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान।

मासिक ई-बुलेटिन

## सम्पादक मण्डल :


**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी

**सम्पादक**

प्रहरी निरीक्षक राजन प्रसाद काफ्ले

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी वरिष्ठ हवल्दार कल्पना राई


## सम्पर्कको लागि :


**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**